JOIN IELTS MORNING | DAY | EVENING CLASSES
APPLY TO STUDY IN AUSTRALIA & NEW ZEALAND
BEACON Premier International Education
Siddhartha Chowk Pokhara
PH: 061-528812, 523093
Mobile: 9856031631, 9846124153
E-mail: info@beaconedu.com.np

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५२०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ३९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ फागुन ९ गते आइतबार ❑ 21 Feb. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## भारतबाट १० लाख डोज खोप नेपाल आउँदै

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ फागुन**

कोभिड-१९ विरुद्धको 'कोभिशिल्ड' खोप १० लाख डोज आइतबार काठमाडौं आइपुग्ने भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा समिर कुमार अधिकारीले भारतको नयाँ दिल्लीबाट १:३० को एयर इन्डिया विमानमार्फत खोप १० लाख डोज काठमाडौं आउन थालेको जानकारी दिए। उनका अनुसार यहि फागुन ५ गते खोप उत्पादन कम्पनी सेरम इन्सिच्युट अफ इण्डियासँग २० लाख डोज खोप किन्ने सहमतिअनुसार आइतबार १० लाख डोज खोप आउन थालेको हो।

यसअघि गत माघ ८ गते भारतसरकारले अनुदानमा उपलब्ध गराएको सोही खोप आएको थियो। अहिले उक्त खोप अग्रपंक्तिमा काम गर्ने कर्मचारीलाई लगाइँदैछ। मन्त्रालयका सहप्रवक्ता डा अधिकारीले खोप विमानस्थलबाट टेकुस्थित चिस्यान केन्द्रमा भण्डारण गरिने छ। उक्त खोप यहि फागुन २३ गतेदेखि ५५ वर्ष माथिका ज्येष्ठ नागरिकलाई लगाइने छ।

खोप टेकुस्थित चिस्यान केन्द्रबाट प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापनकेन्द्रमार्फतजिल्लास्थित स्वास्थ्य कार्यालयबाट देशभरिका खोप केन्द्रमा वितरण गरिने उनले बताए। उनले सम्झौताअनुसार बाँकी खोप उत्पादक कम्पनीले स्वास्थ्य सेवा विभागले प्रस्ताव गर्ने आपूर्ति तालिकाअनुसार चाँडै नै प्राप्त गर्ने जानकारी दिए।

## अबैध मोवाइल कारोवार रोक्न माग

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ फागुन**

नेपाली बजारमा मोवाईल फोनको बिक्री वितरण करिब साँढे दुई दशकदेखि हुदै आएको पाइन्छ। नेपालले विभिन्न देशबाट आयात गर्ने बस्तु मध्य मोवाईल फोन पनि ठुलै मात्रमा आयात गर्ने गरेको छ।

नेपालमा बर्षेनी करिब ३० अर्ब मुल्य बराबरको कानुनी मान्यता प्राप्त ढंगले र अबैध (ग्रे) मोवाइलका करिब ५० प्रतिशत जसो मोवाईल फोन भित्रिने गरेको मोवाइल फोन इम्पोर्टर्स एशोशियसनका अध्यक्ष दीपक मल्होत्राले बताए। नेपालमा भित्रिएको अबैध मोवाइलले आम उपभोत्ताहरुलाई समेत यसले ठुलो असर पार्ने भएको नेपाल मोवाइल वितरक संघ गण्डकी प्रदेशको ५ औं साधारण सभा तथा तेश्रो महाधिवेशसनको शनिबार पोखरामा उद्घाटन गर्दै उनले उत्त कुरा बताएका हुन्।




विगत साँढे दुई बर्ष देखि नेपालमा चोरी डकैतिका मोवाइल तस्खरीहरुले मोवाइलको अवैध कारोवार गर्न प्रसय पाएको उनको भनाइ छ। अर्थमन्त्री युवराज खतिवडा अर्थमन्त्रीमा नियुत्ती भएसंगै भ्याट फिर्ता लिने निर्णय गरेकोले देशमा भारतका चोरीका मोवाइलको कारोवार गर्ने गिरोहले प्रसय पाएको अध्यक्ष मल्होत्राले दाबी गरे। उनले भने "मोवाइलको कारोवार बजारमा व्यापक भएको छ, यसमा हाम्रो ट्र्याकिङ गर्ने सिस्टमको विकास नहुदा अबैध मोवाइल कारोवार गर्ने मोवाइल तस्खरीहरु निकै मौलाएका छन, उनीहरुलाई राज्यले पनि हालसम्म नियन्त्रण गर्न सकेको छैन्।" नेपाल मोवाइल वितरक संघका केन्द्रिय अध्यक्ष दीनेश चुल्याधोले नेपालमा चोरी गरेका मोवाइल भारतमा र भारतमा चोरी भएका मोवाइल नेपालमा केही सहुलियत दरमा अझै पनि बजारमा छ्याप्प छ्याप्ती बिक्री वितरण हुदै आएको दाबी गरे। यस्ता अबैध मोवाइल बिक्रि वितरणलाई रोक्न एम.डी. सिस्टम लागु गरी मोवाइल ट्र्याकिङ गर्नुपर्ने टट्कारो आवश्यक भएको उनको भनाई थियो।

एशोशियसनका उपाध्यक्ष संजय अग्रवालले विगत एक दशक देखि नेपालमा मोवाइलमा क्रान्ति आएको बताउदै कोरोना मोवाइल व्यवसायीहरुको लागि ठुलो अवसर र चुनौतीको रुपमा देखा परेको जनाए। गत बर्ष मात्र बैध रुपमा करिब ३० अर्ब मुल्य बराबरको मोवाइलको कारोवार नेपालमा भएको उनको दाबी छ। दक्ष जनशित्त अभाव, नेपालमा उत्पादन हुने मोवाइलको बजार सानो भएकोले गर्दा विश्व बजारसंग प्रतिष्र्पा गर्ने मोवाइल कम्पनी नेपालमा खोल्न निकै कठिन भएको उपाध्यक्ष अग्रवालले बताए। करिब ५० प्रतिशत जसो बजारमा अबैध मोवाइलको कारोवार हुदा यसलाई रोक्न वालुवाटारसम्म पुगे पनि हालसम्म नियन्त्रण हुन नसकेको उनको भनाई छ। संघका केन्द्रिय महासचिव रघु त्रिपाठीले पोखरा र गण्डकी प्रदेशमा पनि अबैधका मोवाइलको ठुलै कारोवार हुने गरेको दाबी गरे। नेपाल उद्योग बाणिज्य महासंघ गण्डकी प्रदेशका अध्यक्ष संजिव बहादुर कोइरालाले व्यवसायीहरुले उपभोत्ता मुखी भई सेवा संचालन गर्नु पर्ने बताउदै व्यपार घाटा घटाउने तर्फ व्यवसायीक उन्मुख हुन आग्रह गरे। पोखरामा मोवाइल बैंकिङ करिब एक प्रतिशतले मात्र प्रयोग गर्ने गरेको उनको भनाई थियो। पोखरा उद्योग बाणिज्य संघका उद्योग उपाध्यक्ष गोकर्ण कार्कीले ३० अर्ब भन्दा बढी मोवाइल आयात हुने नेपालमा उत्पादन गर्न तर्फ समेत ध्यान दिन व्यवसायीलाई आग्रह गरे। वडा प्रहारी कार्यालय बैदामका डि.एस.पी. चिनुमाया तामाङले मोवाइलमा ट्र्याकिङ सिस्टम नहुने र चोरीका मोवाइल प्रयोगकर्ताले सिम कार्ड विना इन्टरनेट सेवा सहितको सुविधा प्रयोग गर्न मोवाइल संचालन गरेकोले गर्दा प्रहरीलाई टाउको दुखाइ भएको गुनासो गरिन्।

संघ गण्डकीका अध्यक्ष शिवराज पहारीको अध्यक्षतामा सम्पन्न भएको उद्घाटन सत्रमा नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष दीपेन्द्र श्रेष्ठ, पोखरा इलेक्ट्रोनिक व्यवसायी संघका अध्यक्ष ददिराम दाहाल, संघका उपाध्यक्ष शुसिल गुरुङ, महासचिव जीवन ढुंगना लगायतले

बाँकी अन्तिम पृष्ठमा ▶▶

## 'चुनाव भयो भने आँधी हुरी आउँछ भन्नेलाई चुनावी नतिजाले उडाउनेछ'

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ फागुन**



नेपाल कम्युनिष्ट पार्टी नेकपा केन्द्रिय सदस्य तथा गण्डकी सह-इन्चार्ज खगराज अधिकारीले चुनाव भयो भने आँधी हुरी आउँछ भन्नेलाई चुनावी नतिजाले उडाउने बताएका छन्।

नेकपा गण्डकी प्रदेश कमिटीको आयोजनामा फागुन १५ गते हुने बृहत आमसभाको तयारीका लागि पोखरा-१५ मा गरिएको युवा भेलामा बोल्दै नेता अधिकारीले केपी ओली सरकारका राष्ट्रवादी कदमको सबैले सर्मथन गर्नुपर्ने बताए। राष्ट्रियताको झण्डालाई केपी ओलीले माथि उठाएको भन्दै युवाहरुले साथ दिनुपर्ने उहाँको भनाइ थियो। 'प्रचण्ड झलनाथ र माधव नेपालले भुमि फिर्ता बारे केही बोलेनन् केही गरेनन् तर केपी ओलीको सरकार आएपछि च्यातिएको देश जोड्छु र भुमि फर्काउँछु भनेर नक्सा प्रकाशन गर्यो', उनले भने, 'कालापानी लिपुलेक लिम्पियाधुराबाट भारतिय फौज हटाउछुभन्ने केपी ओलीलाई युवाले साथ दिनुपर्छ'। देशलाई एकताबद्ध बनाउनका लागी पार्टी एकता जोगाउन आवश्यक रहेको उनले बताए।

नेकपा केन्द्रिय सदस्य तथा कास्की अध्यक्ष कृष्ण थापाले केपी फागुन १५ गते कास्कीले करिब ६० हजार जनता उतार्ने तयारी गरिरहेको भन्दै युवाहरुलाई तयारीमा जुट्न आग्रह गरे। उनले अब आसन भाषण र शासनमा युवाहरुको आवश्यकता रहेको बताए। १ सय ५५ जना रहेको कास्की जिल्ला कमिटीमा १ सय ९ जना केपी ओली पक्षमा रहेको थापाले बताए। यस्तै पोखरा महानगरपालिकाका मेयर उपमेयर सहित १ सय ७ जना जनप्रतिनिधि समेत संस्थापन तर्फ रहेको उनको भनाइ थियो। 'कास्कीमा पार्टी फुटेको छैन केपी ओलीको पक्षमा पार्टी छ तपाई हाम्रो पक्षमा पार्टी छ', अध्यक्ष थापाले भने।

कार्यक्रममा केन्द्रिय कमिटी सदस्य तथा गण्डकी प्रदेश सभा सदस्य मन बहादुर गुरुङ, नेकपा केन्द्रिय सदस्य बालकृष्ण काउछा मगर, राष्ट्रिय युवा संघ केन्द्रिय सचिव महेन्द्र गुरुङ लगायतले बोलेका थिए।

## फेवातालको सरसफाइमा युवा संघको सक्रियता

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ फागुन**

युवा संघ नेपाल वडा कमिटी पोखरा-६ लेकसाइडद्वारा फेवातालस्थित बाराहिघाटमा बृहत् सरसफाइ कार्यक्रमको आयोजना गरियो। 'आज नगरे कहिले गर्ने, हामीले नगरे कसले गर्ने र यहाँ नगरे कहाँ गर्ने' भन्ने मुख्य उद्देश्यका साथ आयोजना गरिएको कार्यक्रममा सङ्घमा आबद्ध पदाधिकारी तथा सदस्य, आमा समूह, डुङ्गा व्यवसायी समितिको सहभागिता रहेको थियो।

बयालिस वर्षअघि निर्माण गरिएको फेवाबाँध मर्मतका लागि पानीको सतह घटेपछि तालको किनारामा देखिएको फोहर सङ्कलन गरी आवश्यक व्यवस्थापन गरिएको थियो। युवा सङ्घ नेपालका पूर्वअध्यक्ष एवं गण्डकी प्रदेशसभा सदस्य राजीव पहारीले बाराही घाटमा फोटो उठाएर कार्यक्रमको शुभारम्भ गर्दै प्राकृतिक स्रोतसाधनको संरक्षण र उपयोगका युवाशक्तिको सक्रियता भूमिका हुनुपर्ने बताए। "हाम्रा पुर्खाले हामीलाई बुझाएको फेवाताल भावी पुस्तालाई बुझाउनु अपरिहार्य छ", उनले भने, "त्यसका लागि युवा शक्ति सङ्गठित भएर अघि बढ्नुको विकल्प छैन।" पानीको सतह सुकेको वर्तमान अवस्थामा ताल अतिक्रमणबाट जोगाउनुका साथै सरसफाइ कार्यक्रमलाई पनि निरन्तरता दिनुपर्नेमा उनको जोड थियो।

कार्यक्रम संयोजक सञ्जिव पहारी, सङ्घका अध्यक्ष आविष्कार तिमिल्सिनालगायतले तालसँग धेरैको भविष्य जोडिएको हुँदा यसको संरक्षण, सम्वर्द्धन र सरसफाइमा सबैको साथ र सहयोग आवश्यक रहने बताए।

## बेमौसमको चुनाव कि कोरोना बिरुद्धको खोप आवश्यकता हो प्रदेश सांसद बरालको प्रश्न

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ फागुन**




गण्डकी प्रदेशका संसाद रामजी प्रसाद बराल (जीवन) ले देशमा हाल कोरोना बिरुद्धको खोपको आवश्यकता कि बेमौसमको चुनाव आवश्यकता हो भनी प्रश्न गरेका छन्।

नेकपा पोखरा २२ (पुम्दी भुम्दी) को आयोजनामा शनिबार पोखरा २२ मा आयोजना भएको प्रतिगमन बिरुद्ध बिरोध कार्यक्रममा सम्वोधन गर्दै नेकपा गण्डकी प्रदेशका सदस्य समेत रहेका सांसद बरालले अब जनताले कोरोना बिरुद्धको खोपको आवश्यकता कि बेमौसमको चुनाव आवश्यकता भनि प्रश्न गरेका हुन्। हुदा खादाको दुई तिहाई बहुमत भएको संसद विघटन गरी ३० औं अर्ब लाग्ने बेमौसमको चुनाव रोज्ने की कोरोनाबाट बच्न खोप रोज्ने अब जनताले यसमा निर्णय लिनु पर्ने समय आएको सांसद बरालले बताएका छन्। ५ बर्षसम्म संसद विघटनको कुनै अधिकार नभएको अधिकार प्रयोग गरेर प्रधानमन्त्री केपी शर्मा ओलीले देशलाई अनिर्णयको बन्दी बनाई देशमा अस्थिर निम्त्याउने गरी प्रतिगमनकारी कदम चालेकोले त्यसको बिरुद्ध अब जनता जाग्नु पर्ने समय आएको उनको भनाई थियो। प्रधानमन्त्री ओली पक्षधरहरुले शक्ताको दुरुपयोग हुने गरी जनतालाई सडकमा उतार्ने गरेको सांसद बरालको आरोप थियो। सर्वोच्च अदालतले नेपाली जनताको पक्षमा संसद पुनस्थापना गरी छाड्ने, नेपकपाको आधिकारीक पार्टी दाहाल नेपाल समुहमा ३ सय भन्दा बढी सदस्य रहेकोले उनीहरुले नै पाउने उनको जिकीर छ। न्यायलयले उचित न्याय दिलाउन नसके देशमा आगो बल्ने चेतावनी दिदै सांसद बरालले प्रधानमन्त्री ओली समेत नरहने दाबी गरे।

नेकपा गण्डकी प्रदेशका सदस्य केशव पौडेलले प्रधानमन्त्री ओलीको कदमले जनता को इच्छा र चहानामा ठुलो तुसारापात भएको बताए। प्रधानमन्त्री ओलीको नेपालमा अब राजनीति गर्ने समय सिमा सकिने दिन नजिकीदै आएको उनको भनाई थियो। प्रदेश सदस्य कृष्ण नेपालीले प्रधानमन्त्री ओली गुटले पार्टी भन्दा मदनभण्डारी फाउण्डेसनमा करोडौं लगानी गरी आफ्नो गुटको मात्र संरक्षण गर्दै आएको आरोप लगाए। प्रधानमन्त्री ओलीले श्री ६ हुने गरी सवैलाई जुक्कायर सत्तामा पुगेको उनले जनाए। नेकपा २२ का अध्यक्ष चण्डीका प्रसाद बरालको अध्यक्षतामा सम्पन्न भएको बिरोध कार्यक्रममा पोखरा २२ का वडा अध्यक्ष मीत्रलाल बराल, अ.ने.मा. संघका केन्द्रिय सदस्य रत्ना कुमारी गुरुङ, नेकपाका नेता खडग हमाल, लिलाधर पौडेल, त्रिभुवन पौडेल, नवराज बराल, चित्रराज बराल, नेतृ अमृता पोखेल, पूर्व जि.वि.स. सदस्य, हिमलाल बराल लगायतले प्रतिगमन बिरुद्धको आन्दोलनमा सवैको साथ आवश्यक भएकोमा जोड दिएका थिए। कार्यक्रममा नेपाली कागेंस परित्याग गरी लालहरी बराल र साजन विक नेकपामा प्रबेस गरेको सदस्य सुन्दर बराल (धड्कन) ले जनाए।



# सञ्चालनमा आयो 'सेभन स्टार फुड एण्ड मार्ट

पोखरापत्र संवाददाता
पोखरा, ८ फागुन

पोखरा- ८ सिमलचौरमा सात जना युवाहरुले १० करोडको लगानीमो 'सेभेन स्टार फुड एण्ड मार्ट' सञ्चालनमा ल्याएका छन्। सो फुड एण्ड मार्टको शनिबार गण्डकी प्रदेशका प्रदेश प्रमुख शेरचनले औपचारिक रुपमा उद्घाटन गरेका छन् । प्रमुख शेरचनले स्वदेशको माया गरेर उद्यमशीलतामा लाग्ने युवाबाट देशको समृद्धि सम्भव हुने बताए।




उनले देशको माटोको माया गररेर जन्मभूमी प्रति कर्म गर्ने युवाहरु प्रति सधै गर्व लाग्ने बताउँदै स्वदेशमा केही गर्न चाहाने युवालाई सबैले प्रोत्साहन गरेर हौसला प्रदान गर्नुपर्नेमा जोड दिए। प्रमुख शेरचनले आफू कन्दमूल खाएर गाउँ घरका आँगन पिँढीमा सुतेर आएको मान्छे भएकाले प्रदेश प्रमुख हुनुमा कुनै दम्भ र घमण्ड नभएको उदाहरण दिदै युवा व्यवसायीलाई पनि कुनै घमण्ड नराखी सामजिक छविको साथ व्यवसायी पहिचान बनाउन सुझाव दिए। शेरचनले भने "कुनै पनि पद क्षणिक हुन् क्षणिक पदको दम्भ हुनुहुँदैन, हजुरहरु पनि करोडको मालिक भएँ भन्ने दम्भ अरुलाइ नदेखाउनुस , सबैसँग मिजासिलो भएर कर्म गर्नुस र आफ्नो पहिचानलाई सदा उचो बनाउनुस् ।"

उनले युवाहरुको जोश जाँगर र सामुहिक भावनाबाट मात्र मुलुकले गति लिने उल्लेख गर्दै लगानी गर्दा वित्तिकै दोब्बर तेब्बर मुनाफाको आशा गगर्दा समस्या सृजना हुने बताउनुभयो । कुनै पनि परिस्थितीमा विचलित नभइ कर्ममा विश्वास गरेर अघि बढे सफल हुन सकिन उनको भनाइ थियो। गण्डकी प्रदेशका प्रदेश सभा सदस्य राजिब पहारीले सात युवाको सामुहिक भावनाबाट शुरु भएको व्यवसायको सफलताको शुभकामना दिदै स्वदेशी उत्पादनमा जोड दिएर अघि बढ्न सुझाव दिए। उनले विकासको सूचक पूर्वाधार मात्र नभइ स्वदेशमा कति युवा उद्यमशीतमा छन् कतिले रोजगार पाएका छन् भन्ने कुराले पनि निर्धारण गर्ने भएकाले युवालाई स्वदेशमा लगानी गर्ने वातावरणमा सबैले साथ दिनुपर्नेमा जोड दिए । अर्का प्रदेश सभा सदस्य विन्दुकुमार थापाले कोभिड- १९ को कारण धेरै व्यवसायी व्यवसायबाट पलायन भइरहेको अवस्थामा ७ युवाको साझा उद्देश्यले फुड एण्ड मार्ट सञ्चालनमा आउनु सकारात्मक भएको बताए । उनले साझेदारी व्यवसायलाई दीर्घकालिनसम्म लैजान पारदर्शिता आवश्यक हुने औल्याए । आफू व्यवसायबाट राजनीति क्षेत्रमा प्रवेश गरेको अनुभव सुनाउँदै थापाले सहयोग उठाएर भन्दा व्यवसाय सञ्चालन गरेर आर्थिक गतिविधि गर्न पनि सुझाव दिए । उनले गण्डकीमा कम्पनी रजिष्ट्रारको कार्यालय नहुँदा व्यवसायीले थुप्रै झमेला भोग्नु परेको समस्या समेत राखेका थिए।

पोखरा-३३ का वडा अध्यक्ष शिवप्रसाद आचार्यले समृद्धिको सपना कर्मले स्थापित हुने बताउँदै युवालाई सबैले हौसला दिनुपर्ने धारणा राखे । पोखरा चेम्बर अफ कमर्शका अध्यक्ष किसान सुनार सामुहिक भावनामा शक्ति हुने भएकाले आर्थिक समृद्धिमा युवाको सहभागिता महत्वपूर्ण हुने विश्वास व्यक्त गरे । उक्त फुड एण्ड मार्टका अध्यक्ष राजु भुवाईंले स्वदेशमा नै केही गरौं भन्ने सामुहिक भावना भएका सात जना युवा साथीहरु मिलेर १० करोडको लगानीमा फुड एण्ड मार्ट सञ्चालनमा ल्याएको जानकारी दिए। उनले भने "हामीले भौतिक संरचना निर्माण गर्दै गर्दा कोभिड -१९ को चपेटामा पर्‍यौ, तर पनि हामी विचलित नभई चुनौती भित्र अवसर खोजेर अगाडि बढ्यौ र आज सञ्चालनमा ल्याउन सफल भयौं ।" उनका अनुसार हाल फुड एण्ड मार्टमा ३५ जनालाई रोजागार प्रदान गरिएको छ । रेष्टुरेण्टमा पारिवारिक वातावरणमा विभिन्न स्वादिष्ट खानाका परिकारहरु पाइन्छ भने एक सय २० जना ग्राहकको क्षमता रहेको छ।

त्यसैगरी मार्टमा दैनिक उपभोग्य सामग्रीलाई प्राथमिकता दिइएको छ । निकट भविष्यमानै स्थानीय उत्पादनलाई प्राथमिकता दिएर तरकारी,फलफूल र मासु बिक्री केन्द्र राखिने अर्का सञ्चालक डिल्लीराम पनेरुले जानकारी दिए।

युवाहरु राजु भुवाइँ, कृष्ण रानाभाट, बाबुराम उपाध्याय, रामप्रसाद पौडेल, डिल्लीराम पनेरु, अर्जुन अधिकारी र सूर्यराज अधिकारीले उक्त फुड एण्ड मार्टमा सामुहिक लगानी गरेका थिए।

# मुख्यमन्त्री कपको उपाधि महिला तर्फ म्याग्दी र पुरुष तर्फ तनहुँलाई

पोखरापत्र संवाददाता
पोखरा, ८ फागुन

पोखरामा शनिबार सम्पन्न भएको प्रथम मुख्यमन्त्री कप भलिबल प्रतियोगिताको उपाधि महिला तर्फ म्याग्दी र पुरुष तर्फ तनहुँ जिल्लाले जितेको छ।

नेपाली राष्ट्रिय महिला भलिबल टोलीकी कप्तान अरुण शाहीको कप्तानीमा रहेको म्याग्दीले पर्वत जिल्लालाई शनिबार भएको फाइनल खेलमा २५-१४, २५-१५ र २५-१७ को सोझो सेटमा पराजित गर्दै उपाधिको साथमा दुई लाख नगद हात पार्न सफल भयो । दोश्रो भएको पर्वतले ट्रफीको साथमा एक लाख रुपैयाँ नगद पुरस्कार प्राप्त गरेको छ।

पोखरा रंगशालाको भलिवल कोर्टमा शनिबार भएको पुरुष तर्फको फाइनल खेलमा तनहुँले स्याङजामाथि ३–२ को सेटमा पराजित गर्दै उपाधिको साथमा दुई लाख नगद हात पार्न सफल भयो । दोश्रो भएको स्याङजाले ट्रफीको साथमा एक लाख रुपैयाँ नगद पुरस्कार प्राप्त गरेको छ।

कास्की जिल्ला भलिबल संघको आयोजनामा संचालन भएको प्रतियोगितामा मनाङ बाहेक गण्डकी प्रदेशका १० जिल्लाका महिला तथा पुरुष टोली सहभागि भएका थिए।

पुरुष तर्फ पर्वत तेश्रो भयो भने नतहुँ महिला तर्फ तेश्रो भयो। महिला तर्फ सर्वोत्कृष्ट खेलाडी म्याग्दीकी अरुणा शाही घोषित भईन् । पुरुष तर्फ भने तनहूँका मिलनचन्द ठकुरी घोषित घोषित भए । यसैगरी प्रतियोगितामा महिला तर्फ उत्कृष्ट स्पाईकर तनँहुकी उषा भण्डारी, डिफेण्डरमा कास्कीकी अन्सु थापा, सेटरमा अर्पणा खाँड ठकुरी, ब्लकरमा पर्वतकी हिरा केसी, सर्भरमा म्याग्दीकी कमला पुन र प्रशिक्षकमा म्याग्दीका तेजेन्द्र बानियाँ घोषित भए । त्यसैगरी प्रतियोगिताको पुरुष तर्फ उत्कृष्ट स्पाईकरमा तनँहुका अशोक श्रेष्ठ, डिफेण्डरमा स्याङजाका राजन दर्लामी, ब्लकरमा स्याङजाका महेन्द्र श्रेष्ठ, सर्भरमा स्याङजाका बिवस थापा, सेटरमा तनँहुका विवस आले र प्रशिक्षकमा तनहुँका पदम सुनार घोषित भएका छन्। उनीहरुलाईं ट्रफीको साथमा जनही ५/५ हजार प्रदान गरिएको थियो।




विजेता तथा उपविजेता जिल्लाका खेलाडीलाई गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ, संघ कास्कीका अध्यक्ष भिम पराजुली लगायतले नगदसहित ट्रफी प्रदान गरेका थिए।

देशमा शान्ति, सुव्यवस्था र विकास सबै नेपालीहरुको चाहना हो । यसप्रति प्रतिबद्ध हुनु नेपालीहरुको कर्तव्य हो ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# केपी ओली सरकारले भूमिहीनलाई लालजपुर्जा दिन्छ : अध्यक्ष वैरागी

पोखरापत्र संवाददाता
पोखरा, ८ फागुन

भूमि सम्बन्धी आयोग कास्कीका अध्यक्ष दामोदर बैरागीले केपी ओली नेतृत्वको सरकारले भूमिहीनहरुको समस्यालाई समाधान गर्ने बताएका छन्।



नेकपा पोखरा ३१ को कार्यकर्ता भेलामा बोल्दै नेकपा केन्द्रिय सदस्य समेत रहेका उनले अब कोही पनि भुमिहीन नहुने दाबी गरे। बिगतमा लालपुर्जा बाँड्छु भन्दै धेरैले जनतालाइ ढाटेको भन्दै अब केपि ओलिको सरकारले लालपुर्जा दिने उनको बताए । नेता वैरागीले चुनावमा जाने कुरा प्रतिगामी हुनै नसक्ने बताए । 'ताजा जनादेशका लागी जनताको बिचमा जाने विषय प्रतिगामी हुनै सक्दैन', उनले भने, 'अब देश चुनावी माहोलमा होमिसक्यो चुनावको तयारीमा लागौं' । नेकपा वडा नं ३१ का अध्यक्ष गणेश थापाले आगामी फागुन १५ गते अमरसिंह चौरमा हुने बृहत आमसभालाई सफल बनाउन सबै आ आफ्नो ठाउँबाट लाग्नुपर्ने भनाइ राखे।

# हिन्दुराष्ट्रबारे जनमत सङ्ग्रह गर्नुपर्छ : महामन्त्री कोइराला

रासस
नवलपुर, ८ फागुन

नेपाली कांग्रेसका महामन्त्री डा शशाङ्क कोइरालाले हिन्दुराष्ट्रको विषय जनमत सङ्ग्रहबाट टुङ्ग्यानुपर्ने बताएका छन् । शनिबार नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को कावासोती-१३ मा शिद्देश्वर शिवालय मन्दिरको शिलान्यास समारोहलाई सम्बोधन गर्दै कोइरालाले अधिकांश हिन्दु नागरिक भएको मुलुकमा हचुवाको भरमा धर्मनिरपेक्ष ल्याइएको बताए।

कार्यक्रममा महामन्त्री कोइरालाले धर्म सापेक्षा या निरपेक्ष नभइ स्वतन्त्र हुनुपर्नेमा जोड दिए । नेपाली कांग्रेसले सरकारको नेतृत्व गरेको अवस्थामा आफूहरूले हिन्दुराष्ट्रको विषयमा जनमत सङ्ग्रह गराउने कोइरालाले बताए । उनले नेपाली कांग्रेसको झण्डामा भएको चार तारामध्ये एउटा तारा धार्मिक स्वतन्त्रताको प्रतिक भएकोसमेत उल्लेख गरे।

# अवैध...

अबैध रुपमा हुने गरेको मोवाइल कोरोवारलाई नियन्त्रण गर्नुपर्नेमा जोड दिएका छन् । पोखरामा सम्पन्न भएको ५ औं साधारण सभा तथा तेश्रो अधिवेसनले मनोहर प्रसाद श्रेष्ठको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ। संघको बरिष्ठ उपाध्यक्षमा सुशील कुमार गुरूङ्, उपाध्यक्षमा जीवन ढुगांना, सचिवमा बिनोद केसी, सह सचिवमा चिन्तामणी खरेल, कोषाध्यक्षमा सुनिल श्रेष्ठ र अन्य सदस्यहरूमा सुदिप कँडेल, पुरूषोत्तम पौडेल, मुक्तिनाथ त्रिपाठी, केशब पराजुली र संजय श्रेष्ठ सर्वसम्वत रुपमा चयन भएका हुन् । संघको मनोनित सल्लाहकारमा शिबराज पहारी एवं दिनेश श्रेष्ठ रहेकाछन्।

सुचना ! सुचना !! सुचना !!!

१९ औं आहा ! रारा गोल्ड कप फुटबल प्रतियोगिता २०७७ को लागि आयोजक टिमबाट सहभागी हुने खेलाडीको छनौटको लागि निम्नानुसार आव्हान गरिएको हुँदा ईच्छुक खेलाडीहरुलाई उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु।

तपशिल :
मिति : २०७७ साल फागुन १४ र १५ गते
समय : दिउसो १:०० बजे
स्थान : सहारा फुटबल एकेडेमी, दोविल्ला, पोखरा–१७
सर्म्पक फोन नं.:
सुनिल राना मगर– ९८६९६०७५१७
विष्णु गुरुङ– ९८०६६८६१८७
संतोष अर्याल– ९८५६०३६२०९

आयोजक :
सहारा क्लब पोखरा




कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (वाँझोपन) नि:सन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१– ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५३२५०८, ०६१–५२०६५१, ०६१–५३७८५७, E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

सबैको निन्दा सुन तर आफ्नो फैसलालाई भने गोप्य नै राख ।

- शेक्सपियर

## सम्पादकीय

# अपराध अनुसन्धानमा प्रहरीको सफलता

बैतडीकी १७ वर्षीया किशोरी भागरथी भट्टको हत्यारा पक्राउ गर्न नेपाल प्रहरी सफल भएको छ। कञ्चनपुरकि बालिका निर्मला पन्तको हत्यका अपराधी पक्राउ पर्न नसकेकोमा प्रहरीको शाख गिरेको थियो । प्रहरीले निर्मलाका हत्यारालाई खोजी मात्र गरिरहे पनि दोषी पक्राउ गर्न नसकेपछि चर्को जनआक्रोशको सामना गरिरहेको छ। भगिरथीको हत्यारालाई पक्राउ गरेर नेपाल प्रहरी अपराध अनुसन्धानमा सक्षम छ भन्ने प्रमाणित गरेको छानिर्मलाका हत्याको अनुसन्धानमै रहेको र अन्य वर्षौं पुराना घटनाको पनि दोषी पत्ता लागेर कारबाही हुनेमा जनविश्वास जागेको छ । गम्भीर अनुसन्धान भयो भने जस्तोसुकै अपराध पनि समाजमा लुक्न सक्दैन भन्ने पुष्टि भएको छ। प्रहरीलाई राजनीतिक दल, मिडिया, सामाजिक संजाल र नागरिक समाज,एनजीओले दिग्भ्रमित पारेनन भने यस्ता घटनामा संलग्न अपराधी पानीमुनि गएपनि फेला पर्छन । कुनै घटना भयो भने त्यसले उग्र रूप नलिँदासम्म प्रशासनको ध्यानाकर्षण हुदैन । कतिपय घटनामा यही वास्तविकता झल्कने गरेको पनि छ। यसो हुनुमा प्रशासनका प्राविधिक जटिलता र सीमित जनशक्तिले पनि मुख्य भूमिका खेल्ने गरेको छ।

अनुसन्धानमा प्रहरीलाई स्वतन्त्र छाडिदिनुपर्ने र कुनै पनि प्रकारको दबाबबाट मुक्त राख्नुपर्ने सन्देश भागरथीको हत्यापछि देखिएको सुरक्षाकर्मीको सक्रियताले दिएको छ। भागरथीको हत्यालगत्तै धनगढीबाट प्रहरीका प्रदेश प्रमुख डीआईजी आफै घटनास्थलमा निरन्तर खटिए । स्थानीय चौकीमा बसेर दिनरात नभनी उनले अनुसन्धानलाई तीव्र पारे। अपराधीलाई जसरी पनि पक्राउ गर्नैपर्नेबाहेक अन्य कुनै पनि प्रकारको प्रत्यक्ष दबाब त्यतिबेला प्रहरी प्रशासनलाई थिएन। कञ्चनपुरको घटनाबाट पाठ सिकेर आन्दोलन नगर्न स्थानीयलाई संझाउन सक्यो । स्थानीयले आन्दोलन भन्दा अपराधीलाई पक्राउ गर्न सघाएका हुन । प्रहरीले घटनामा संलग्न भएको आशंकामा कसैलाई पनि पक्रेन। कसैको पनि प्रतिष्ठामा दाग लगाउने काम गरेन। अनुसन्धानको दायरामा धेरैलाई ल्याए पनि प्रमाणको नजिक नपुग्दासम्म नियन्त्रणमा लिएन । जसका कारण घटनाका दोषी भागाभाग गर्नुपर्ने अवस्था आएन। जब अनुमान गरिएका सबै तथ्य प्रमाणित हुने अवस्था आयोस त्यसपछि मात्रै आशंका गरिएका व्यक्तिलाई गोप्य तरिकाबाट नियन्त्रणमा लिइयोस जुन सत्य साबित भयो। यो घटनाले प्रहरीको अध्ययन कौशलता झल्किएको छ। अरूका लागि उदाहरण पनि बनेको छ।

कञ्चनपुर घटनामा प्रहरीले चरणबद्ध अनुसन्धान गर्दा पनि दोषी पत्ता लगाउन सकेको छैन। छोरी फर्केर नआउने भए पनि हत्यारा पत्ता लगाएर कडा कारबाही होला भन्ने आशामा रहेका निर्मलाका परिवारलाई न्याय दिलाउनका लागि मात्रै नभई आफ्नै इज्जत जोगाउन पनि यो घटनामा गम्भीर अनुसन्धान हुनुपर्ने देखिन्छ। गृहमन्त्री राम बहादुर थापा बादलले निर्मलाका हत्यारा अनुसन्धानको नजिकै पुगेको उद्घोष चाँडै पक्राउ परेको सुन्न पाइयोस् । निर्मला पन्तको मात्रै होइनस वर्षौंदेखि अल्झेका तर अपराधी पत्ता लाग्न नसकेका अन्य घटनाका दोषी पत्ता लगाउने अभियानमा प्रहरी लाग्नुपर्छ । अपराध कर्ममा लाग्ने जोकोहीलाई पनि कानुनको कठघरामा उभ्याउनुपर्छ।

अनुसन्धानमा प्रहरी सफल हुनु भनेको सम्बन्धित संगठनको मात्रै होइनस मुलुककै इज्जत बढ्नु हो । तर अनुसन्धानमा कौशलता प्रदर्शन गर्न इच्छाशक्तिसँगै प्रशस्त प्रविधि, जनशक्ति र सेवासुविधामा पनि ध्यान दिनुपर्छ। तालिम प्राप्त जनशक्तिको व्यवस्था गर्नुपर्छ। प्रहरी प्रशासनलाई राजनीतिक प्रभावबाट मुक्त राख्नुपर्छ। शान्तिसुरक्षा कायम गर्ने क्रममा रहेका दृश्य, अदृश्य र अवाञ्छित तत्व निस्तेज पार्नुपर्छ । संगठित तथा जघन्य रूपमा हुने अपराध र महिला तथा बालबालिमामाथि हुने अमानवीय कार्यप्रति कानुनी कठोरता प्रदर्शन गर्न आवश्यक छ। देशमा शान्ति सुरक्षा कायम गर्न, अपराध अनुसन्धान गर्न प्रहरीलाई स्वतन्त्र पुर्वक काम गर्ने वातावरण दिनुपर्छ । आन्दोलन गरेर प्रहरी प्रशासनको ध्यान अन्यत्र मोड्न खोज्नेबाट समाज नै सजग र सतर्क हुनुपर्दछ।

# पाँच लेखक पुरस्कृत

**पोखरापत्र संवाददाता**
**बागलुङ, ८ फागुन**

रत्न-श्रेष्ठ पुरस्कार गुठी बागलुङले विभिन्न विधामा पाँच लेखकलाई शुक्रबार पुरस्कृत गरेको छ।

गुठीले हरेक दुई/दुई वर्षमा प्रदान गर्ने रु ५० हजार राशिको 'रत्न-श्रेष्ठ राष्ट्रिय पुरस्कार'बाट यो वर्ष लेखक चन्द्रप्रकाश बानियाँ पुरस्कृत हुनुभएको छ । निबन्ध कृति 'भौज्याहा'का लागि उहाँ पुरस्कृत हुनुभएको हो। म्याग्दीको बेनी नगरपालिका-५ पुलाका बानियाँ यो वर्षको 'मदन पुरस्कार' विजेतासमेत हुनुहुन्छ । यस्तै 'रत्न-श्रेष्ठ प्रादेशिक पुरस्कार' लेखक डा प्रमोद ढकालले प्राप्त गर्नुभएको छ। रु २५ हजार राशिको सो पुरस्कार निबन्ध कृति 'पूर्वीय दर्शनको पुर्नव्याख्या'का लागि उहाँलाई प्रदान गरिएको गुठीले जनाएको छ। गुठीले नै प्रदान गर्ने 'धवलागिरि प्रतिभा पुरस्कार' लेखक महेश्वर पन्तलाई प्रदान गरिएको छ । उपन्यास कृति 'फुर्लुङ'का लागि उहाँ पुरस्कृत हुनुभएको हो । पुरस्कारको राशि रु १५ हजार रहेको छ। गुठीमा स्थापित 'जगतचन्द्र स्मृति राष्ट्रिय पुरस्कार' प्रा डा रमेशचन्द्र अधिकारीले प्राप्त गर्नुभएको छ । 'जीवन दर्शनको रुपरेखा' कृतिका लागि अधिकारी पुरस्कृत हुनुभएको हो । सो पुरस्कारको राशि रु २५ हजार रहेको छ। यस्तै गुठीद्वारा सञ्चालित 'गुरु गणेश-विष्णु स्मृति पुरस्कार' लेखक मीनराज वसन्तलाई प्रदान गरिएको छ । उपन्यास कृति 'पिपिरी'का लागि लेखक वसन्त पुरस्कृत हुनुभएको हो । उक्त पुरस्कारको राशि रु १२ हजार रहेको छ । यहाँ आयोजित समारोहमा वरिष्ठ अधिवक्ता पदमनाथ शर्मा र गुठीका संस्थापक/संरक्षक प्रेम छोटाले लेखकलाई पुरस्कार प्रदान गर्नुभएको थियो । पुरस्कृत कृतिमाथि धौलागिरि बहुमुखी क्याम्पसका प्रा डा दिनबहादुर थापाले समीक्षात्मक टिप्पणी राख्नुभएको थियो। नेपाली भाषा र वाङ्मयका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका कवि, लेखकलाई पुरस्कृत गर्ने गरिएको संस्थापक/संरक्षक छोटाले बताउनुभयो।

पुरस्कार ग्रहणपछि बोल्दै लेखकले आफूहरूको सिर्जनाकर्ममा ऊर्जा थपिएको प्रतिक्रिया दिएका छन्। साहित्यकार छोटाले आफ्नी दिवङ्गत आमा रत्नकुमारी श्रेष्ठको स्मृतिमा विसं २०३४ सालमा पुरस्कार गुठी स्थापना गर्नुभएको थियो।

# केही दिन मौसम सफा हुने

**रासस**
**काठमाडौं, ८ फागुन**

आगामी तीन दिन देशको अधिकांश भू-भागमा मौसम सफा हुने भएको छ।

मौसमविद् वरुण पौडेलका अनुसार तापक्रम बढ्न थालेसँगै केही दिन निरन्तर मौसम प्रभावित हुने तथा केही दिन सफा हुनेक्रम चलिरहने गर्दछ। "आगामी तीन दिन देशभर मौसम सफा भई राम्रोसँग घाम लाग्ने छ", उहाँले भन्नुभयो।

पछिल्लो केही दिनयता अपराह्न तथा साँझपख मौसम बदली भई हल्का वर्षा भएको थियो । प्रि-मनसुनको समय नजिकिएकै कारण अपराह्न तथा साँझपख मौसममा परिवर्तन भएको मौमसविद्को भनाइ छ । अबको तीन दिन भने मौसम सफा हुने बताइएको छ।

हाल देशको पहाडी भू-भागमा आंशिक बदली रही अन्य भू-भागको मौसम सामान्यतया सफा रहेको छ । दिउँसो प्रदेश नं १, वाग्मती, गण्डकी प्रदेशका पहाडी भू-भागमा आंशिक बदली रही बाँकी प्रदेशमा मौसम सामान्यतया सफा रहने जल तथा मौसम विज्ञान विभागले जनाएको छ।

आइतबार देशका पहाडी भू-भागमा आंशिक बदली भई बाँकी क्षेत्रमा मौसम सफा रहने भएको छ। मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणअनुसार शनिबार काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम पाँच दशमलव तीन डिग्री र अधिकतम तापक्रम २२ दशमलव सात डिग्री सेल्सियस रहेको छ । शनिबार सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम माइनस दुई दशमलव शून्य डिग्री सेल्सियस रहेको छ।

# फलेवासमा नागरिक निवृत्तिभरण योजना शुरु

**पोखरापत्र संवाददाता**
**पर्वत, ८ फागुन**

फलेवास नगरपालिकामा श्रमिक कल्याणकारी कोष तथा नागरिक पेन्सन योजना शुरु भएको छ।

नगरापालिकाभित्रका असङ्गठित मजदूर तथा बेरोजगार नागरिकलाई ६० वर्षको उमेरपछि आर्थिक समस्या नहोस् भनेर नगरपालिकाले नागरिक पेन्सन कार्यक्रम शुरु गरेको हो। साठी वर्षको उमेरसम्म मानिस नियमित कामकाज गर्न सक्छन् तर बुढेसकाल लागेपछि श्रम गर्न पनि नसक्ने र आर्थिक समस्या पर्दै जाने भएकाले यस्तो कार्यक्रम शुरु गरिएको हो । असङ्गठित मजदूरले काम गर्न सक्ने उमेरसम्म मासिक रुपमा नगरपालिकामा रु ५०० का दरले जम्मा गर्ने र सोही दरमा नगरपालिकाले पनि जम्मा गरिदिन्छ। यसरी जम्मा भएको रकम नगरपालिकाले ६० वर्ष नाघेपछि एकमुष्ठ वा पेन्सनको रुपमा भुक्तानी गर्ने गरी कार्यविधि तयार पारेको फलेवास नगरपालिकाले जनाएको छ । यो रकम नागरिक लगानी कोषमा जम्मा हुने व्यवस्था गरिएको छ । नागरिक लगानी कोषले अन्य निजामती कर्मचारीसरह फलेवासका मजदूरलाई पनि ६० वर्षपछि एकमुष्ठ वा पेन्सनको रुपमा भुक्तानी गर्ने गरी नगरपालिकासँग सम्झौता गरिएको छ। फलेवास नगरपालिकाका प्रमुख पदमपाणी शर्मा र नागरिक लगानी कोषका कार्यकारी निर्देशक रमण नेपालबीच सम्झौतापत्रमा हस्ताक्षर गरिएको हो । शुक्रबार नागरिक पेन्सन योजनाको शुभारम्भका अवसरमा उक्त सम्झौता पत्रमा दुवै पक्षले हस्ताक्षर गरेका हुन्।

यो कार्यक्रममा पहिलो चरणमा नगरभित्रका ८०० मजदूरलाई सूचीकृत गरिएको छ। उनीहरूले गएको पुस महिनादेखिनै रकम जम्मा गर्न थालेको कार्यक्रम संयोजक रमेश शर्माले जानकारी दिनुभयो। साठी वर्षको वृद्धावस्था शुरु भएपछि पनि दैनिक घर खर्च चलाउन अरुको भर पर्न नपरोस् र आर्थिक अभावमा वृद्धवृद्धाले खान लगाउनबाट वञ्चित हुन नपरोस् भनेर सञ्चालन गरिएको यो कार्यक्रम प्रभावकारी हुने शर्माले बताउनुभयो। कार्यक्रममा फलेवास नगरपालिकाका नगरप्रमुख शर्माले फलेवासमा मजदूरको युग शुरु भएको बताउनुभयो।

नेपालमै पहिलोपटक नागरिक कल्याणकारी कोष स्थापना गरेर पेन्सन दिने अभियान थालिएको बताउँदै शर्माले यो कार्यक्रमले कोही पनि आर्थिक अभावमा बाँच्नुपर्ने अवस्थाको अन्त्य गर्ने बताउनुभयो। यस कार्यक्रममा अर्को वर्षसम्म एक हजार ३०० भन्दा बढी मजदूरलाई आबद्ध गरिने उहाँले बताउनुभयो।

नगरपालिकाका उपप्रमुख मञ्जु अधिकारीले जनप्रतिनिधि नागरिकको कल्याण र सेवाका लागि दिगो योजनाका साथ लागेका छन् भन्ने प्रमाण यो अभियानले देखाएको बताउनुभयो। कार्यक्रममा नागरिक लगानी कोषका कार्यकारी निर्देशक नेपालले वर्तमानमा बचत गरेर भविष्यमा पेन्सन पाउने यो कार्यक्रम निकै उपयोगी हुने बताउनुभयो । उहाँले मजदूरको कल्याण र गरिबी निवारण तथा बेरोजगारी अन्त्यका लागि यो कार्यक्रम फलदायी हुने विश्वास गर्दै मजदूरलाई मासिकरुपमा रु ५०० बचत गर्न नछाड्नसमेत आग्रह गर्नुभयो।

# जेहेन्दार विद्यार्थीलाई कापी, कलम तथा झोला वितरण

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ फागुन**

रामेश्वर कृषि संस्थाको ८ औं वार्षिक उत्सवको अवसरमा जेहेन्दार विद्यार्थीलाई कापी, कलम तथा झोला वितरण गरिएको छ।

पोखराको दमसादीमा रहेको बाल कल्याण आधारभूत विद्यालयमा एक कार्यक्रम बिच कापी, कलम तथा झोला वितरण गरिएको हो।



विद्यालयका ५२ विद्यार्थीलाई शैक्षिक सामाग्री वितरण गरिएको संस्थाका अध्यक्ष डि. आर. भट्टराईले जानकारी दिए।

# नेपालगञ्ज-पोखरा विमान सेवा उडान शुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ फागुन**

सीता एयरले शुक्रबारदेखि नेपालगञ्ज-पोखरा विमान सेवा शुरुआत गरेको छ । नेपाल एशोसियसन अफ टुर एण्ड ट्राभल एजेन्टस (नाट्टा) बाँके र नाट्टा गण्डकी प्रदेशको पहलमा सीताले उडान सेवा शुरु गरेको हो।

बाँके र बर्दियाका पर्यटन व्यवसायीको नेतृत्व गर्दै नेपालगञ्ज उपमहानगरपालिका प्रमुख डा. धवल शमशेर राणासहितको टोली नेपालगञ्ज विमानस्थलबाट पोखरा उडेको थियो। पोखरा विमानस्थलमा पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर विसीले स्वागत गर्नुभएको थियो ।

पोखराबाट पनि शुक्रबार नाट्टाको १७ पर्यटन व्यवसायी बाँके र बर्दियाका पर्यटकीय गन्तव्यको अवलोकन गर्न आएका छन् । पर्यटकीय गन्तव्यको अवलोकन गर्ने कार्यक्रम रहेको नाट्टा बाँकेका अध्यक्ष श्रीराम सिग्देलले जानकारी दिनुभयो।

# प्रजातन्त्र दिवसदेखि विसं २०७८ पात्रो बजारमा

**रासस**
**काठमाडौं, ८ फागुन**

प्रजातन्त्र दिवसको अवसर पारेर विसं २०७८ का पात्रो (पञ्चाङ्ग) बजारमा आउन थालेको छ।

फागुन ७ गतेदेखि आफ्नो सम्पादनमा रहेको सूर्य पञ्चाङ्ग बजारमा आएको नेपाल पञ्चाङ्ग निर्णायक समितिका सदस्य सचिवसमेत रहनुभएका पञ्चाङ्गकार सूर्यप्रसाद ढुङ्गेलले राससलाई जानकारी दिनुभयो । प्रजातन्त्र दिवसकै अवसरमा अरु पञ्चाङ्ग पनि बजारमा आउन थालेका छन्।

आगामी वर्षका लागि तोयनाथ पन्तको पञ्चाङ्ग, बाबुराम पञ्चाङ्ग, नरनाथ पञ्चाङ्ग, हिमाल पञ्चाङ्ग, अठोला पञ्चाङ्ग, तारकेश्वर पञ्चाङ्ग, सूर्य पञ्चाङ्ग, आकाश दर्शन पञ्चाङ्ग, बगलामुखी पञ्चाङ्ग, शुभ पञ्चाङ्ग, बाबा गोरखनाथ पञ्चाङ्ग, कीर्ति पञ्चाङ्ग, सिद्धि पञ्चाङ्ग, खप्तड तारानाथ पञ्चाङ्गलाई स्वीकृति दिइएको समितिले जनाएको छ।

विगत वर्षमा पुस अन्तिम साता नै पात्रो (पञ्चाङ्ग) प्रकाशन भइसक्ने गरेकामा यस वर्ष कोरोना महामारीका कारण पञ्चाङ्गकार जम्मा भएर रुजु गर्न समस्या भएकाले काममा ढिलाइ भएको थियो। ढिलो गरी काम शुरु गरिरहेका बेला मन्त्रिपरिषद्ले समितिको गठन आदेश स्वीकृत गरेपछि काम गर्ने कि नगर्ने अलमल भएकाले पनि अर्को तीन हप्ता ढिला भएको उहाँले जानकारी दिनुभयो।

पुस २० गते मन्त्रिपरिषद्ले समितिको गठन आदेश स्वीकृत गरेको थियो । विसं २०७० मा वर्तमान समितिलाई गठन आदेश स्वीकृत नभएसम्मका लागि काम गर्नु भनी नियुक्ति पत्र दिइएको अध्यक्ष एवं धर्मशास्त्रविद् प्रा डा रामचन्द्र गौतमले बताउनुभयो । यही पत्रका आधारमा पुस २१ पछि समितिको काम ठप्प भएको थियो । माघ पहिलो साता संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्री भानुभक्त ढकालले मन्त्रीस्तरीय निर्णय गरी अर्को समिति गठन नभएसम्म विसं २०७८ को पात्रो प्रकाशन र नियमित काम वर्तमान समितिबाटै चलाउने निर्णय गर्नुभएको पत्र पुगेपछि फेरि काम शुरु भएको हो। पात्रोमा राखिने तिथि, बार, योग, नक्षत्र र करण गरी पाँच समूहलाई पञ्चाङ्ग भनिन्छ । पछिल्लो समय सामान्य मानिसले पनि बुझून भनी घडीपलालाई बजेमा रुपान्तरण गरेर समेत पात्रोमा राखिने गरेको छ । पात्रोलाई अझै सुधार गर्नुपर्ने माग पनि उठ्ने गरेको छ । यस वर्ष समितिले पनि आधिकारिक पञ्चाङ्ग निकाल्ने भएको छ । पञ्चाङ्गलाई स्वीकृति दिइसकेकाले समितिको आधिकारिक पञ्चाङ्गका बारेमा मन्त्रालयमा छलफल गरी काम अघि बढाउने तयारी भएको छ। मन्त्रालयले यस वर्ष समितिको आधिकारिक पञ्चाङ्ग निकाल्न पनि बजेट विनियोजन गरेको छ। आगामी वर्षदेखि समितिले भित्तेपात्रोलाई व्यवस्थित गर्ने भएको छ। समितिको स्वीकृतिमा पात्रो निस्किएपछि त्यही सारेर भित्तेपात्रो प्रकाशन हुने गरेकाले त्यसलाई व्यवस्थित गर्न लागिएको हो । सूचना तथा प्रसारण विभागले मात्र समितिको स्वीकृतिमा भित्तेपात्रो प्रकाशन गर्ने गरेको अध्यक्ष गौतमले बताउनुभयो।

अन्य भित्तेपात्रो पात्रो सारेर प्रकाशन हुने गरेकाले प्रतिलिपि अधिकारसम्बन्धी कानूनअनुसार कारबाही प्रक्रिया अघि बढाउने विषयमा पनि छलफल शुरु भएको समितिले जनाएको छ । आगामी वर्ष प्रकाशन हुने भित्तेपात्रोलाई पनि स्वीकृति लिन आउनु भनी समितिले यस वर्ष सूचना प्रकाशन गरेको थियो।

# विश्वभर कोभिड-१९ विरूद्धको २० करोड खोप प्रयोग, खोपको अत्यधिक परिणाम धनी राष्ट्रमा

**रासस**
**काठमाडौं, ८ फागुन**

कोभिड-१९ विरूद्धको खोप अभियान सञ्चालनको आधिकारिक तथ्याङ्क अनुसार शनिबारसम्म विश्वभर २० करोड मात्रा खोप लगाइसकिएको सम्बन्धित देश र स्वास्थ्य क्षेत्रमा सक्रिय निकायको आधिकारिक स्रोतहरुका आधारमा एएफपी सङ्कलन गरेको तथ्याङ्कमा उल्लेख गरिएको छ।

विश्वका खासगरी १०७ मुलुक र क्षेत्रमा खोप अभियानलाई तीब्र पारिएको अन्तर्राष्ट्रिय स्वास्थ्य निकायहरूले बताएका छन्।

ग्रीनवीच समय अनुसार शुक्रबार साँझ १० बजेसम्म चीन र रूसबाहेकका विश्वका १०७ मुलुकमा २० करोड १० लाख ४२ हजार १४९ मात्रा खोप प्रयोग भइसकेको एएफपीलाई प्राप्त तथ्याङ्कमा उल्लेख छ । चीन र रूसले भने खोप प्रयोगबारे प्रगति विवरण पछिल्ला केही दिनमा सार्वजनिक गरेका छैनन् । विश्वभर प्रयोग भएका खोपको मात्राको करिब ४५ प्रतिशत जी-७ समूह राष्ट्र संयुक्त राज्य अमेरिका, क्यानडा, बेलायत, जर्मनी, फ्रान्स, इटली र जापानमा प्रयोग भएको बताइएको छ। यी देशहरूमा विश्वको कूल जनसङ्ख्याको १० प्रतिशत जनसङ्ख्या रहेको छ। यद्यपि यी मुलुकहरूले शुक्रबार आफूहरू खोपलाई बढी प्रभावित मुलुकमा न्यायोचित रूपमा पठाउने प्रतिवद्धता व्यक्त गरेका छन्।

जी-७ सदस्य राष्ट्रका नेताहरूले विश्वव्यापी कोरोनाभाइरस खोपका लागि उनीहरूको कुल सहयोगलाई दोब्बरभन्दा बढी अर्थात् ७.५ अर्ब अमेरिकी डलर गर्ने योजना बनाएको बताएका छन्। उक्त सहयोगलाई विश्व स्वास्थ्य संगठनको नेतृत्वमा कोभाक्स योजनामार्फत अघि बढाइने छ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : झमेला बढ्ने |
| वृष | : शत्रुको भय | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : कार्यमा सफलता | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : शारिरीक झमेला | मकर | : ब्यापारमा लाभ |
| सिंह | : मानसिक तनाब | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।



# अब बुटिक र डिलक्स होटललाई पनि तारे होटलको मान्यता

–सिबी अधिकारी
काठमाडौं, ८ फागुन (रासस)

सरकारले बुटिक र डिलक्स होटललाई समेत तारे 'स्टार' होटलको मान्यता दिने भएको छ। सस्कृति पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय, पर्यटन विभागले बुटिक र डिलक्स होटलको वर्गीकरण गरी तारे स्तरको होटलका लागि सङ्केत चिन्ह निर्धारण गरेको हो।

यसअघि विभागले सुविधासम्पन्न तारे होटललाई मात्र स्टारमा वर्गीकरण गरेको थियो । साथै डिलक्स र बुटिक होटलको स्पष्ट मापदण्ड थिएन।

विभागले सबैस्तरका रिसोर्ट, तारास्तरका होटल तथा सबैस्तरका बुटिक होटलका सम्बन्धमा सङ्केत चिन्हको रुपमा तारा चिन्ह निर्धारण गरेको छ । होटल एशोसिएसन अफ नेपाल (हान) का प्रथम उपाध्यक्ष विनायक शाहले तारे होटलसम्बन्धी नयाँ मापदण्डले होटलको स्तरीकरणका साथै होटलको सेवा सहज ढङ्गले प्राप्त गर्न ग्राहकलाई पनि सहज हुने जानकारीदिनुभयो । उहाँले भन्नुभयो,"यो संसारभरको अभ्यास पनि हो । सरकारी मापदण्ड पालना गराउन सजिलो हुन्छ । होटलको स्तरीकरणका साथै सेवा सुदृढिकरणमासमेत सहयोग पुग्छ । हाम्रै (हान) को पहलमा विभागले होटलको स्तर चिन्ह प्रदान गरेको हो।"

विभागका अनुसार सबै तहका होटल तथा रिर्सोटले आफ्नो पहिचान दिने सङ्केत चिन्ह अनुसारको साइनबोर्ड होटलको गेटमै राख्नु पर्नेछ । यसबाहेक हानसँग सम्बन्धित संघ संस्थामध्ये आफु कुन सङ्घमा आवद्ध भएको हो, आवद्धता रहेको सङ्घको समेत चिन्ह बोर्डमै राख्नुपर्ने गरी विभागबाट निर्णय भएको छ।

वर्गीकरण अनुसार एकतारेदेखि पाँचतारेसम्मका होटलको सङ्केत चिन्ह क्रमशः एकतारादेखि पाँच तारासम्म हुनेछ भने पाँचतारा डिलक्स होटलका लागि पाँचतारा र डिलक्क शब्द राख्नु पर्नेछ। त्यस्तै साधारण हेरिटेज बुटिक होटलको न्यूनतम स्तर तीन तारे हुनेछ । जसको सङ्केत चिन्हमा 'तीन तारा र स्टाण्डर्ड हेरिटेज' भन्ने शब्द राख्नुपर्नेछ । डिलक्स हेरिटेज बुटिक होटलका लागि 'चारतारा र डिलक्ज हेरिटेज बुटिक' शब्दले सङ्केत गरिने भएको छ। लक्जरी हेरिटेज बुटिक होटलका लागि ' पाँचतारा र लक्जरी हेरिटेज बुटिक' शब्द राखिने भएको छ। रिर्सोटतर्फ साधारण रिर्सोटले तीन तारे स्तरको मान्यता पाएको छ। यस्तो रिर्सोटले तीनतारा र स्टाण्डर्ड रिर्सोट शब्द लेखेको सङ्केत चिन्ह पाएको छ।

डिलक्स रिर्सोटले चारतारा र लक्जरी रिर्सोटले पाँचतारा र लक्जरी रिर्सोट शब्द राखेर आफ्नो रिर्सोटको पहिचान जनाउन सक्ने गरी निर्णय भएको छ । पर्यटक स्तरका होटेलको सङ्केत चिन्ह 'टीएस' हुनेछ । साविकमा पर्यटन विभाग र मातहतका कार्यालयबाट पर्यटक स्तरको होटेलको स्तर वर्गिकरण भएका र अहिले प्रदेश सरकारको निकायबाट यस स्तरको होटेलमा वर्गिकरण भएका सबै होटलले गोलाकार भित्र रातो रङगमा (टीएस) लेखेको चिन्हलाई होटलको सङ्केत चिन्हका रुपमा प्रयोग गर्नुवपर्ने विभागले जनाएको छ । मोटलका लागि विभागले ' एम'सङकेत चिन्ह दिएको छ । गोलाकार रेखा भित्र रातो रङगमा 'एम' लेखिएको चिन्ह निर्धारण गरिएको छ । साविकमा पर्यटन विभाग र मातहतका कार्यालयमा दर्ता भएका र अहिले प्रदेश सरकारको सम्बन्धित निकायमा दर्ता भएका मोटलले यो चिन्ह प्रयोग गर्नुपर्नेछ।

'पर्यटक इन' स्तरमा वर्गिकरण भई सञ्चालनमा रहेका होटलले भने 'आइ' सङ्केत चिन्ह प्रयोग गर्नुपर्नेछ। बेड एण्ड ब्रेक फास्टका रुपमा दर्ता भएका होटेलहरुको सङ्केत चिन्ह गोलाकार घेरा भित्र रातो रङ्गमा 'बीएण्डबी' लेखिएको चिन्हलाई सङ्केत चिन्हका रुपमा निर्धारण गरिएको छ । सबै स्तरका रिर्सोट, तार ास्तरका होटेल, सबै स्तरका बुटिक होटेलररिर्सोटले प्रवेशद्धारमा सबैले देख्ने गरी साइनबोर्ड राख्नु पर्ने विभागले जनाएको छ। साइनबोर्ड भने सम्बन्धित स्थानीय तहले तोकेको आकार र बनोट अनुसार छनोट गर्न सकिनेछ । यसरी रहने साइनबोर्डको समेत मापदण्ड तोकिएको छ । साइनबोर्डको माथिल्लो भागमा नेपालको रङ्गीन निशाना छाप राख्नु पर्नेभएको छ।

# कांग्रेसले अघि बढायो क्रियाशील सदस्यता छानविन

रासस
काठमाडौं, ८ फागुन

नेपाली कांग्रेसले पार्टीको आगामी १४औँ महाधिवेशनको नयाँ कार्यतालिका निर्धारण गरेसँगै क्रियाशील सदस्यता छानविनलाई तीव्रता दिएको छ।

कांग्रेस केन्द्रीय कार्यसमितिको यही फागुन ६ गतेको बैठकले केन्द्रीय सदस्य रमेश लेखकको संयोजकत्वमा पार्टीको क्रियाशील सदस्यता छानविन समिति गठन गरेको थियो । समितिको सदस्यमा केन्द्रीय सदस्य आनन्दप्रसाद ढुङ्गाना, जीवन परियार, श्यामकुमार घिमिरे, प्रदीप पौडेल, कल्याणकुमार गुरुङ र योगेन्द्र चौधरी रहनुभएको छ।

समितिको शुक्रबार बसेको पहिलो बैठकले तोकिएको मितिभित्र प्रक्रिया पुऱ्याई क्रियाशील सदस्यताको विवरण केन्द्रमा पठाउन बाँकी रहेका जिल्ला र प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिलाई लिखित पत्राचार गर्ने निर्णय गरेको छ। सो निर्णयबमोजिम क्रियाशील सदस्यताको नामावलीको प्रमाणित सूची, सदस्यता शुल्क, सहयोग रकम(लेबी)रगाउँपालिका/नगरपालिका, प्रदेशसभा क्षेत्र, प्रतिनिधिसभा क्षेत्र र जिल्ला कार्यसमितिको निर्णय प्रतिलिपीसहित विवरण केन्द्रमा पठाउनुपर्ने छ। क्रियाशील सदस्यता वितरण र नवीकरण सम्बन्धमा जिल्लामा हालसम्म भइरहेको कार्यप्रगतिको पछिल्लो अवस्थाको जानकारी लिन समिति सदस्य ढुङ्गाना र परियारलाई प्रदेश नं १ र २, घिमिरे र पौडेल वाग्मती र गण्डकी प्रदेश तथा गुरुङ र चौधरीलाई लुम्बिनी, कर्णाली र सुदुर पश्चिम प्रदेशको जिम्मेवारी तोकिएको छ। यसैगरी समितिको सचिवमा कांग्रेस केन्द्रीय कार्यालयमा सचिवद्वय डा प्रदीप पराजुली (प्राविधिक तर्फ) र अधिवक्ता केशव रिजाल (प्रशासन र निर्णय प्रक्रियातर्फ) लाई नियुक्त गर्ने निर्णयसमेत गरेको छ। कांग्रेस १३औँ महाधिवेशनको केन्द्रीय क्रियाशील सदस्यता छानविन समितिको कार्यविधिलाई आवश्यक संशोधन र परिमार्जन गरी समितिका सचिव रिजालले यही फागुन ११ गते बस्ने समितिको अर्को बैठकमा मस्यौदा प्रस्तुत गर्ने बैठकको निर्णय छ।

कांग्रेसको फागुन ६ गतेको केन्द्रीय कार्यसमिति बैठकले १४औँ महाधिवेशन विसं २०७८ भदौ ७ देखि १० गतेसम्म काठमाडौँमा गर्ने निर्णय गरेको थियो । कांग्रेसले महाधिवेशनसँगै गाउँ/नगर वडा अधिवेशन आगामी असार ५ गते, गाउँ/नगरपालिका अधिवेशन असार ७ गते, प्रदेश सभा क्षेत्रीय अधिवेशन साउन १ गते कार्यतालिका निर्धारण गरेको छ।

साथै प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन साउन ३ गते, एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन साउन ६ गते र प्रदेश अधिवेशन साउन १० र ११ गते गर्ने कांग्रेसको निर्णय छ। कांग्रेसले जिल्ला र प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिले क्रियाशील सदस्यताको नयाँ र नवीकरण सम्पन्न गर्ने अवधि यही फागुन २८ गतेभित्र, क्रियाशील सदस्यता प्रकाशित गरी केन्द्रमा पठाउने अवधि आगामी चैत १० गतेभित्र तोकेको छ। यसैगरी नयाँ क्रियाशील सदस्यता वितरण सम्बन्धमा जिल्लास्तरीय क्रियाशील सदस्यता प्रारम्भिक छानविन समितिले उजुरी उपर छानविन गरी केन्द्रमा पठाउनु पर्ने अवधि चैत २५ गते तोकिएको छ । केन्द्रीय छानविन समितिमा क्रियाशील सदस्यता नवीकरणसम्बन्धी परेका उजुरी उपर अन्तिम निर्णय गरी सूची तयार गरेर केन्द्रीय सभापतिलाई बुझाउने अवधि आगामी जेठ १७ गतेसम्म निर्धारण गरिएको छ।

कांग्रेसले केन्द्रीय कार्यालयले केन्द्रीय सभापतिबाट प्रमाणित क्रियाशील सदस्यताको नामावलीको अन्तिम सूची पार्टीको केन्द्रीय निर्वाचन समितिलाई बुझाउने अवधि आगामी जेठ २४ गतेभित्र तोकेको छ । कांग्रेसको सङ्गठनमा महत्वपूर्ण मानिने क्रियाशील सदस्य सङ्ख्या हाल स्वदेश र विदेश (कांग्रेसका जनसम्पर्क समिति) गरी करिब पाँच लाख रहेको र आगामी अधिवेशनसम्ममा नयाँ र नविकरण गरी १० लाख हाराहारी पुग्ने केन्द्रीय सदस्य जीवन परियारले जानकारी दिनुभयो।

कांग्रेसमा समायोजन भएका नेपाल लोकतान्त्रिक फोरम, अखण्ड नेपाल, नेपाल समता पार्टीलगायत दल र पार्टीको जागरण अभियानका क्रममा देशभर विभिन्न राजनीतिक दलबाट कांग्रेसमा प्रवेश गरेका करिब एक लाख नेता कार्यकर्तालाई पनि छानबिन गरी क्रियाशील सदस्यता प्रदान गरिन लागेको पार्टी कार्यालयले जनाएको छ।

# सुर्खेतमा पनि देखियो बर्डफ्लु

रासस
काठमाडौं, ८ फागुन

सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-१२ का कृषकले पालेको स्थानीय कुखुरामा बर्ड फ्लु रोग देखिएको छ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयको पशु सेवा कुखुराको नमूना केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशालामा पिसिआर परीक्षण गर्दा बर्ड फ्लु पुष्टि भएको विभागका महानिर्देशक डा दमयन्ती श्रेष्ठले जानकारी दिनुभयो । यसअघि काठमाडौँको तारकेश्वर नगरपालिकामा पालिएका पछीमा बर्ड फ्लु देखिएको थियो।

विभागले बर्ड फ्लु रोग पुष्टि भएको क्षेत्रबाट रोग अन्यत्र फैलिन नदिई तत्काल नियन्त्रणमा लिन सङ्घ, प्रदेश र स्थानीय तहबाट जनशक्ति परिचालन गरिएको जनाएको छ । रोग नियन्त्रणका लागि सहजीकरण गर्न केन्द्रीयस्तरसमेतबाट पशु चिकित्सककोविज्ञटोलीखटाइएको उहाँले जानकारी दिनुभयो।

रोग नियन्त्रणका क्रममा शुक्रबार पशु सेवा विभाग, कर्णाली प्रदेश, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय तथा अन्तर्गतका निकाय र वीरेन्द्रनगर नगरपालिकाको सहयोगमा रोग देखिएका क्षेत्रमा रहेका सबै घरपालुवा पछी तथा रोग सार्न सक्ने अन्य वस्तुसमेत नष्ट गरिएको उहाँले जानकारी दिनुभयो । यसैक्रममा २७९ कुखुरा, १०२ परेवा, २२ अण्डा, ३१ केजी दाना नष्ट गरिएको छ।

साथै रोग देखापरेको क्षेत्रलाई पूर्ण निसङ्क्रमणसमेत गरिएको छ । विभागले रोगको सघन निगरानीमा सहयोग गरी रोग देखापरेको अवस्थामा तत्काल नियन्त्रणमा लिन सक्रियतापूर्वक सहयोग गर्न सम्बन्धित सबैसँग अनुरोध गरेको छ।

# प्रतिनिधिसभाको बिघटन असल मनसायबाट भएको छैन् : वरिष्ठ नेता पौडेल

रासस
काठमाडौं, ८ फागुन

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले प्रतिनिधिसभाको बिघटन असल मनसायबाट नभएको आरोप लगाउनुभएको छ।

नेपाली कांग्रेस सुनसरीद्वारा शनिबार सदरमुकाम इनरुवामा आयोजित अगुवा कार्यकर्ता भेला तथा अन्तरक्रिया कार्यक्रममा उहाँले सरकारले प्रतिनिधिसभाको बिघटन गरेर नेपाली कांग्रेसले अव दुई तिहाइ बहुमत ल्याउ छ भने उद्देश्यले नगरेको आरोप लगाउनुभएको हो । वरिष्ठ नेता पौडेलले कांग्रेसमा पटक-पटक दुई वटा धार हुँदै आएको उल्लेख गर्नुहुँदै पार्टीमा दुई वटा धार भएपनि सबै एकै ठाउँमा आउने भएकाले नआत्तिनका लागि नेता तथा कार्यकर्तालाई आग्रह गर्नुभयो । नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा पूर्वअर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले कम्युनिष्ट पार्टीको आन्तरिक विवादका कारण प्रतिनिधिसभा विघटन हुनु उपयुक्त नभएको बताउनुहुँदै अदालतले जे निर्णय गर्छ कांग्रेसले त्यसलाई मान्नुपर्नेमा जोड दिनुभयो।

पार्टीका जिल्ला सभापति तथा प्रदेश नं १ प्रदेशसभाका काँग्रेस संसदीय दलका नेता राजीव कोइराला, पूर्वराज्यमन्त्री सिताराम मेहता, इनरुवा नगरपालिकाका प्रमुख राजन मेहता, कोशी गाउँपालिकाका अध्यक्ष अयुव अन्सारीलगायतले मुलुकको वर्तमान राजनीतिका विविध पक्षमाथि प्रकाश पार्नुभयो।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
वि. स. २०१३/०७/१४ गते

स्वर्गारोहणः
वि.स. २०७७/१०/२७ गते

स्वः कुलदेवी गुरुङ (साईराम)

हाम्रा आश्रमका सक्रिया सदस्य स्वर्गीय **कुलदेवी गुरुङ (साईराम)** को ६४ वर्षको उमेरमा असामयीक निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकाकुल परिवारजनलाई धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

**साई आश्रम परिवार**
**गौंडाको मुख-१३, पोखरा**



## Arjunchaupari Rural Municipality
### Office of the Rural Municipal Executive
### Arjunchaupari, Syangja

## Invitation for Sealed Quotation

**First Date of Publication: 21st February, 2021 (9th Falgun, 2077)**

1. Arjunchaupari Rural Municipality Office, Arjunchaupari, Syangja invites hard copy sealed quotation from duly eligible and qualified registered suppliers for the procurement of following goods under sealed quotation.

| S.N. | Contract Identification No. | Description of work | Estimated Amount including VAT | Non Refundable Bid Document Fee Amount | Bid Security Amount | Bid Submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | ACRM/SQ/ GOODS/ 05/2077/078 | Deliver and Supply Tunnel Plastics to Arjunchaupari | NRs. 19,90,000 | NRs. 1000 | NRs. 50,000 | 8th March, 2021 (2077/11/24) 12:00 hr | 8th March, 2021 (2077/11/24) 13:00 hr |

| Bank Name | Name of Office | Account Name & No. |
|---|---|---|
| Rastriya Banijya Bank Arjunchaupari, Syangja | Arjunchaupari Rural Municipality<br>Arjunchaupari, Syangja | Arjunchaupari Gaunpalika (Dharauti Account)<br>Account Number: 3270100303000002 |

2. A complete set of bidding documents may be purchased from the office and submitted to the same as mentioned in the table above.
3. The bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 50,000 which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 2078/02/08) or the receipt of the deposited amount of cash if bidder wishes to submit the cash security.

**Chief Administrative Officer**